# देखतभूली गा.वि.स.मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०७१

आयोजक :

**जिल्ला विकास समितिको कार्यालय,**

**कंचनपुर**

मिति : २०७१।७२८

## १) पृष्ठभुमी :

यद्यपी जिविस पहिले देखि नै जनमुखी थियो, तर जनताका बुझाई हरु फरक थिए । धैरै का बुझाई आजसम्म पनि फरकै छन । कर्मचारी संयन्त्र बाट सञ्चालन हुने कार्यहरुका सवालमा समय सापेक्ष रुपमा टिप्पणी हुने सम्भावना पनि बढि हुन्छ । प्रजातान्त्रीक अभ्याससगै विकास भएको विकेन्द्रिकरणको नितिमा राष्ट्र अभ्यस्त हुदै आएको छ । लोकतन्त्र प्राप्ती पछि सरकारी गैरसरकारी सबै निकायहरुले कार्यशैलीमा पनि सुधार ल्याएका छन । नेपालमा स्थानीय विकास निर्माणका लागि जनताको प्रतिनिधिमुलक संस्थाको रुपमा जिल्ला विकास समिति तथा त्यो भन्दा पनि तल गाविसहरुले कार्य गर्ने संरचना छ । संरचनागत हिसाबले जिविस स्थानीय विकासको समन्वयकर्ता र प्रमुख सरोकारवाला निकाय पनि हो । देशको सबै भन्दा महत्वपुर्ण अंग मानिएका स्थानीय निकायले कसरी काम कारवाही गर्दछ त्यो लक्षित क्षेत्रका जनताको पहिलो जिज्ञासा र सरोकार को विषय हो भन्दा अतिसंयोक्ति पनि नहोला । तर अधिकांस जनता अझै गरिवि र अशिक्षाको रेखा मुनी नै भएकाले धेरैले जिविस तथा अन्य सरकारी निकायले के सेवा प्रदान गर्दछ भन्ने जानकारी नै पाउन नसकेको यर्थात हामी सामु छ ।

यसै समस्यालाई ध्यानमा राखि जिल्ला विकास समितिको कार्यालयले आ.व. ०६३/०६४ देखि नै सार्वजनिक सुनुवाईको आयोजना गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस आ.व.को पहिलो चौमासिकमा देखतभूली गा.वि.स.मा मिति २०७१।७।२७ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो ।

## २) कार्यक्रम संचालन भएको स्थान :

यस पटकको सार्वजनिक सुनुवाई कार्यक्रमलाई देखतभूली गा.वि.स.को सभाकक्षमा संचालन गरिएको थियो ।

## ३) कार्यक्रमका सहभागीहरु :

यस सार्वजनिक सुनुवाई कार्यक्रममा देहाय अनुसारको सहभागिता रहेको थियो ।

| | |
|---|---|
| १) श्री मोहन पौडेल | स्थानीय विकास अधिकारी |
| २) श्री कमल कुमार अधिकारी | प्रमुख जिल्ला ईन्जिनियर |
| ३) श्री सिद्धराज पन्त | कार्यक्रम अधिकृत |
| ४) श्री भानदेव भट्ट | कार्यक्रम अधिकृत |
| ५) श्री विष्णुप्रसाद खरेल | कार्यक्रम अधिकृत |

६) श्री मानप्रसाद भट्ट सूचना अधिकृत

७) श्री विशनदेव जोशी जिल्ला शासन विज्ञ

८) श्री प्रेम वोगटी कार्यकारी सचिव

९) श्री टेकवहादुर चन्द ना.सु.

१०) देखतभूली गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु

११) देखतभूली गा.वि.स.सचिव

१२) सेवाग्राहीहरु

१३) अन्य उपस्थित महिला तथा पुरुष

## ४) उदघाटन समारोह तथा आशन ग्रहण

* कार्यक्रम सञ्चालन : भानदेव भट्ट
* सभापती देखतभूली गा.वि.स. सचिव
* प्रमुख अतिथी श्री मोहन पौडेल स्था.वि.अ.
* विशिष्ठ अतिथी श्री कमलकुमार अधिकारी प्रमुख जिल्ला ईन्जिनियर
* देखतभूली गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु
* सिद्धराज पन्त का.अ.
* विशनदेव जोशी जि.शा.वि.
* अन्य उपस्थित महिला तथा पुरुष

## ५) स्वागत एव कार्यक्रमको उद्देश्यबारे जानकारी :

सिद्धराज पन्त का.अ.जिल्ला बिकास समिति कञ्चनपुर ।

## ६) नागरिक सुनुवाईको आचारसंहिता वारे जानकारी : भानदेव भट्ट

१) सुनुवाईका सहभागीले वोल्न लिखित वा संकेत (हात उठाएर) वाट अनुमति लिनु पर्दछ ।

२) संचालकले सहमति दिए पश्चात मात्र वोल्नु पर्नेछ ।

३) सहभागी तथा वक्ताहरुको लागि समय सीमा तोकिनु पर्दछ र समय सीमा भित्र रहि वोल्नु पर्दछ ।

४) सहभागीहरुले आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषय केन्द्रीत भएर वोल्नु पर्नेछ ।

५) अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई संचालकद्वारा विच मै रोकी विषय केन्द्रीततर्फ ल्याउनु पर्दछ ।

६) सहभागीले पहिले उठीसकेका विषयवस्तुलाई दोहोर्‍याउन पाउने छैनन । पहिले उठिसकेका विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

७) सुनुवाईको क्रममा व्यक्तिगत लान्छना लगाउन पाउने छैन र व्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाउने छैन ।

८) सहभागीहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनु पर्नेछ ।

**संचालकको आचारसंहिता**

१) पालैपालो नाम टिपाएर वोल्न लगाईनेछ ।

२) वोल्दा आफ्नो सेवा प्राप्त सम्वन्धी अनुभव भोगेका विषयवस्तुसंग सन्दर्भ मिलेको कुरा वोल्न लगाईनेछ र सकेसम्म तथ्य प्रकाश गर्न लगाईनेछ ।

३) व्यक्तिगत लान्छना भनाई राख्न रोक लगाईनेछ ।

४) समयलाई विचार गरी वोल्न लगाईनेछ ।

५) संचालकले आफ्नो भनाई नराखी सहभागीले उठाएको प्रश्न र जिज्ञासालाई स्पष्ट पार्ने वा पार्न लगाउने ।

६) सहभागीलाई शालिनतापूर्व प्रस्तुत गर्न लगाउने र लैङ्गिक समावेशीकरणलाई ध्यानमा राखि वोल्न लगाउने ।

## ७) खुला सत्र :

यस सत्रमा सेवाग्राहीहरुले सेवा प्रदायकसंग प्रश्न, जिज्ञासा, गुनासाहरु राख्नुभएको थियो जसको जवाफ, समाधान स्था.वि.अ. मोहन पौडेल तथा प्रमुख जिल्ला ईन्जिनियर कमलकुमार अधिकारी एवं शाखा संग सम्वन्धित कुराहरुको समाधान सम्वन्धित शाखा प्रमुखहरुले गर्नुभएको थियो ।

| सि.नं. | सहभागीको प्रश्न | जवाफ दिने पदाधिकरीको नाम, पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|
| १ | योजना तर्जुमा प्रक्रियामा छनौटमा परेका योजनाहरु जि.वि.स.को पुस्तीकामा परेका छैनन किन ? | स्था.वि.अ. मोहन पौडेल | वडा भेला, गाउ परिषद, ईलाका गोष्ठी लगायत सवै प्रक्रियावाट प्राथमिकतामा परेका योजना जि.वि.स.को योजना पुस्तीकामा पर्छन । |
| २ | स्वास्थ्य संस्थामा ४/५ दिन देखि औषधी छैन किन ? | स्था.वि.अ. मोहन पौडेल | जनस्वास्थ्यसंग कुरा गरौंला । |
| ३ | स्वास्थ्य चौकीमा ३ जना मध्ये २ जना अवकाशमा परेका छन किन ? | स्था.वि.अ. मोहन पौडेल | माथी कै निर्णय हो केहि गर्न मिल्दैन । |
| ४ | विकास कार्यक्रममा ईष्टिमेट हेर्न पाईदैन किन ? | स्था.वि.अ. मोहन पौडेल | होर्डिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाउछौं । |
| ५ | सरकारी स्कूलमा फीस तिर्नु परेको छ किन ? | स्था.वि.अ. मोहन पौडेल | शिक्षा समितिसंग कुरा गरौंला । |
| ६ | महिला स्वास्थ्य स्वयं सेविकालाई सुविधा दिनु पर्‍यो । | स्था.वि.अ. मोहन पौडेल | जि.वि.स.ले प्रत्येक वर्ष महिला स्वास्थ्य स्वयं सेविका अक्षय कोषका लागि वजेट विनियाजन गर्छ । चालु आ.व.मा पनि गरेको छ । |
| ७ | समुदायमा रहेका वाल विकास केन्द्रहरुमा सुविधा कम छ । काम मात्र गर्नु परेको छ । | स्था.वि.अ. मोहन पौडेल | जि.वि.स.संग लक्षित वर्गका लागि वजेट हुन्छ । तपाई वस्ती स्तरीय योजना तर्जुमा गर्दा माँग गरी पठाउनुस हामी व्यवस्था गरौंला । |
| ८ | गा.वि.स.मा जे.टि.ए.को व्यवस्था गनुपर्ने । | स्था.वि.अ. मोहन पौडेल | जिल्ला कृषि विकास कार्यालयसंग कुरा गरौंला । |
| ९ | सुकुम्वासीको फारा मभर्ने सम्वन्धमा के भै रहेको छ ? | स्था.वि.अ. मोहन पौडेल | जि.वि.स.संग सम्वन्धित छैन । |

**कार्यक्रमको अन्तमा**

सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख अतिथी श्री मोहन पौडेलले कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद सहित मन्तव्यमा जि.वि.स.का आगामी कार्यक्रमहरु अझ पारदर्शीताका साथ अगाडी वढाईने कुरामा जोड दिनुभएको थियो । सभाध्यक्ष तथा गा.वि.स. सचिव श्री सुरेन्द्रवहादुर चन्दले समापन गर्नुभएको थियो ।